# प्रधानमन्त्री ओली बैंककमा



राधा खनाल | काठमाडौं

- पर्यटन र संस्कृतिका सन्दर्भमा दुई र गैरसरकारी क्षेत्रबीच ६ वटा समझदारीपत्रमा हस्ताक्षर हुने
- प्रधानमन्त्री सिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्री थाइल्यान्डको औपचारिक भ्रमणमा

प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको राजधानी बैंककमा छन्। मित्र राष्ट्र थाइल्यान्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को छैटौं शिखर सम्मेलनमा भाग लिन उनी मंगलबार दिउँसो बैंकक प्रस्थान गरेका हुन्।

प्रधानमन्त्री ओली नेतृत्वको भ्रमण टोली थाई एयरलाइन्समार्फत बैंकक प्रस्थान गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ। ओली थाइल्यान्डको औपचारिक भ्रमण गर्ने पहिलो प्रधानमन्त्री हुन्।

प्रधानमन्त्रीलाई बिदाइ गर्न उपप्रधानमन्त्री, मन्त्री तथा उच्च पदस्थहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए। थाइल्यान्डका प्रधानमन्त्री फेथोङथान सिनावात (पैटोङ्टार्न सिनावात्रा) को मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट इतिहासमै पहिलोपटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो।

भ्रमणका क्रममा प्रधानमन्त्री स्तरमा द्विपक्षीय वार्ता भई पर्यटन र संस्कृतिका सन्दर्भमा दुई र गैरसरकारी क्षेत्रबीच ६ वटा समझदारीपत्रमा हस्ताक्षर हुनेछ।

प्रधानमन्त्री ओलीले बैंकक भ्रमण जानुअघि पूर्वपरराष्ट्रमन्त्री र पूर्वमन्त्रीहरूसँग नेपालको आर्थिक विकास, कनेक्टिभिटी, ऊर्जा, पर्यटन र सांस्कृतिक आदानप्रदानलगायतका क्षेत्रमा भ्रमणलाई मुलुकको अधिकतम हितमा उपयोग गर्ने सुझाव दिएका थिए। मुलुकका लागि विविध क्षेत्रमा लाभ हासिल गर्न सुझाव दिइएको थियो। बिमस्टेक सम्मेलनमा राष्ट्रिय हितलाई कसरी महत्त्व दिन सकिन्छ भन्नेबारे प्राप्त सुझावलाई प्रधानमन्त्रीले भेटघाटमा समेट्ने प्रतिबद्धता राखेका छन्।

पूर्वमन्त्रीहरूले प्रधानमन्त्री ओलीलाई यतिबेला दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र असंलग्न राष्ट्रहरूको अभियानलाई पनि सक्रिय बनाउनुपर्नेमा जोड दिएका थिए। द्विपक्षीय वार्तापछि थाइल्यान्डका प्रधानमन्त्री सिनावातसँगै प्रधानमन्त्री ओलीले संयुक्त प्रेस ब्रिफिङमा भाग लिनेछन्। थाइल्यान्डका नरेशसँगको भेटपछि एकदिने औपचारिक भ्रमण सकिनेछ।

थाइल्यान्डमा रहँदा प्रधानमन्त्री ओलीले चैत २१ गते बिहान त्यहाँका प्रतिष्ठित व्यवसायीहरूसँग भेटघाट र छलफल गर्नेछन् भने सोही दिन दिउँसो एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नेछन्। साँझ बिमस्टेक शिखर सम्मेलनका नेताहरूलाई दिइने औपचारिक रात्रिभोजमा प्रधानमन्त्री ओली सहभागी हुनेछन्।

चैत २२ गते बिमस्टेक शिखर सम्मेलनमा सहभागी तथा सम्बोधन हुने कार्यक्रम रहेको छ। शिखर सम्मेलनलगत्तै बाँकी मुलुकका नेताहरूसँग सम्भव भएसम्म 'साइडलाइन' वार्ता गर्ने प्रधानमन्त्री ओलीको योजना छ। सोही दिन मेरिटाइम ट्रान्सपोर्ट कोअपरेसन अग्रिमेन्टमा हुने हस्ताक्षर समारोहमा प्रधानमन्त्री ओली सहभागी हुनेछन्। सोही दिन साँझ बैंककस्थित नेपाली दूतावासमा हुने कार्यक्रममा उनी सहभागी हुनेछन्।

प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, प्रधानमन्त्रीका निजी चिकित्सक डा. दिव्या सिंह शाह, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, सुरक्षाकर्मी र सञ्चारकर्मीसहित २१ जना छन्।

प्रधानमन्त्री नेतृत्वको टोली यही चैत २२ गते स्वदेश फर्किनेछ।

# कर्णालीमा हिउँदे अधिवेशनबाट निर्माण भए ७ कानुन

ललितबहादुर बुढा | सुर्खेत



- कर्णालीमा प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्य
- दोस्रो कार्यकाल सुरु भएयता १४ वटा विधेयक पारित

विगतको तुलनामा यसपटक कर्णाली प्रदेशसभाको हिउँदे अधिवेशन सफल बनेको छ। एउटै अधिवेशनमा विभिन्न सातवटा कानुन निर्माण गर्न प्रदेशसभा सफल भएको हो। गत माघ ७ गतेबाट सुरु भएको हिउँदे अधिवेशनमा सातवटा विधेयक पारित भएका छन्।

प्रदेशसभाको यो दोस्रो कार्यकालको पाँचौं अधिवेशन हो। विभिन्न सातवटा कानुन निर्माण गर्दै हिउँदे अधिवेशन अन्त्य भएको छ। सोमबार रातिबाट अन्त्य भएको यो अधिवेशनमा महत्त्वपूर्ण मानिएका विभिन्न सातवटा विधेयक पारित भएको प्रदेशसभा सचिवालयले जनाएको हो। सचिवालयका अनुसार यो अधिवेशनमा एउटा विधेयक भने प्रदेशसभाबाट फिर्ता भएको छ। हिउँदे अधिवेशनबाट कर्णाली प्रदेशको विद्युत् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको सचिवालयले जानकारी दिएको हो।

यस्तै कर्णाली प्रदेश सवारी तथा यातायातसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि यही अधिवेशनबाट पारित भएका छन्। विधेयक अधिवेशनको रूपमा लिइने हिउँदे अधिवेशनबाट कर्णाली प्रदेश निजामती सेवा (पहिलो संशोधन) विधेयक पनि पारित भएको छ। यस्तै यो अधिवेशनबाट दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश बिउ-बिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पनि पारित भएको हो।

प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलले यो अधिवेशनबाट कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक भने प्रदेशसभाबाट फिर्ता भएको बताए। पौडेलले भने, 'प्रदेशसभाको दोस्रो कार्यकालमा हालसम्म जम्मा १४ वटा विधेयक पारित भए, यसअघिका चारवटा अधिवेशनबाट पनि सातवटा विधेयक पारित भएका थिए। तर कानुन निर्माणमा यसपटकको हिउँदे अधिवेशन महत्त्वपूर्ण बन्यो, यसपालि एउटै अधिवेशनबाट सातवटा विधेयक पारित गर्न प्रदेशसभा सफल भयो।' प्रदेशसभाको दोस्रो कार्यकालमा पारित भएका १४ वटा विधेयकमध्ये ९ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेका छन्। बाँकी पाँचवटा विधेयक पनि चाँडै प्रमाणीकरणको तयारीमा रहेका छन्।

यसपालिको हिउँदे अधिवेशनमा ३० वटा बैठक बसेको र एउटा बैठक भने अवरुद्ध भएको प्रदेशसभाका सचिव जीवराज बुढाथोकीले जानकारी दिए। 'कानुन निर्माणको हिसाबले यसपटकको हिउँदे अधिवेशन सफल भयो', सचिव बुढाथोकीले भने, 'एउटै अधिवेशनमा सातवटा विधेयक पारित हुनु सुखद पक्ष हो, प्रदेशसभामा रहेका समितिहरूको सक्रियताले पनि यो अवस्था आयो। प्रदेशसभाको पहिलो कार्यकालभर जम्मा ५३ वटा विधेयक पारित भएका थिए, तर यही गतिमा काम भए दोस्रो कार्यकालमा भने प्रदेशसभाले कानुन निर्माणमा प्रगति गर्ने संकेत देखिएका छन्।' उनका अनुसार प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएयता हालसम्म पाँचवटा अधिवेशन सम्पन्न भएका छन्। यसअघिका चारवटा अधिवेशनको तुलनामा, सोमबार राति अन्त्य गरिएको हिउँदे अधिवेशन कानुन निर्माणमा सफल बनेको उनको भनाइ छ।

प्रदेशसभाको दोस्रो कार्यकालअन्तर्गत यसपालिको हिउँदे अधिवेशनमा पारित भएका बाहेक अन्य सातवटा विधेयक पनि यसअघि सम्पन्न चारवटा अधिवेशनबाट पारित भएका छन्। जसमा कर्णाली प्रदेश विनियोजन विधेयक २०८०, कर्णाली प्रदेश आर्थिक विधेयक २०८०, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छन्। यस्तै कर्णाली प्रदेश आर्थिक विधेयक २०८१ र कर्णाली प्रदेश विनियोजन विधेयक २०८१ पनि पारित भएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ।

# राजतन्त्रको वकालत गर्ने मिडियालाई प्रतिबन्धको माग

क्रान्ति साह | वीरगन्ज



नेपाली कांग्रेसले नेपाल र नेपाली जनताको भावना र मर्ममाथि कुठाराघात हुने गरी राजा र राजतन्त्रको पक्षमा वकालत गर्दै दिग्भ्रमित गर्ने खालका समाचार प्रसारण गर्ने भारतीय मिडियालाई नेपालमा प्रतिबन्ध लगाउन माग गरेको छ।

मंगलबार नेपाली कांग्रेसको मधेस प्रदेश समितिका उपसभापति चन्द्रशेखरकुमार प्रसाद यादवसहितको टोलीले पर्सा र बाराका प्रमुख जिल्ला अधिकारीहरूलाई ज्ञापनपत्र बुझाउँदै राजा र राजतन्त्रको पक्षमा वकालत गरिरहेका भारतीय मिडियालाई नेपालमा प्रतिबन्ध लगाउन माग गरेको हो।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई कांग्रेसले ज्ञापनपत्र बुझाउँदै नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी भारतीय मिडियाहरूले राजा र राजतन्त्रको पक्षमा वकालत गरेर दिग्भ्रमित पारिरहेकाले नेपालमा ती मिडियाहरूको प्रसारणमा रोक लगाउन माग गरेको कांग्रेस नेता एवं प्रदेशसभा सदस्य श्याम पटेलले बताए।

साथै कांग्रेसले गणतान्त्रिक व्यवस्थालाई कमजोर गर्नका निम्ति मृत भइसकेको राजतन्त्रलाई फर्काउन पूर्वराजाका समर्थक केही अराजक व्यक्तिहरूले आफ्नो स्वार्थसिद्ध गर्न आन्दोलनका नाममा गरेको विध्वंशको भर्त्सना पनि गरेको छ। काठमाडौंमा राजावादीहरूको नाममा गरिएको हिंसात्मक घटनाको छानबिन गरी दोषीहरूलाई कारबाही गर्न पनि कांग्रेसले माग गरेको पटेलले बताए।


## हेलम्बु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आब्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति:२०८१/१२/२०

यस हेलम्बु गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्यहरु बोलपत्रको माध्याम बाट गराउन पर्ने भएको हुदाँ तपसिलमा उल्लेख भएका ठेक्काहरुको लागी ईन्जाजत प्राप्त निर्माण व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०८२/०१/२१ को दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट Online bidding गर्न सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| SN | Contract No | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|
| 1 | HRM/WORKS/ NCB/2081/082-13 | Construction of Administrative Building of Helambu Rural Municipality | 55,61,000.00 | 10,000.00 | 120 |

(प्रमुख प्रशासकिय अधिकृत)

नोट: बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा यस कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## Chaunrideurali Rural Municipality
### Office of the Rural Municipal Executive
Dhadhkharka Bhanjyang, Kavrepalanchok
Bagamati Province, Nepal

**Bid Addendum**

Published date: 2025/04/02

This is to notify all the concendered bidders that addendum has been issued for the NCB title Construction of Chaunrideurali Rural Municipality Administrative Building Contract Identification No. CDRM/WORKS/NCB/BLD/08/081/082 published on 2025/03/11 through **https://www.bolpatra.gov.np/egp.** The addendum can be downloaded from PPMO's e-Procurement Portal **www.bolpatra.gov.np/egp.**

Chief Administrative Officer

## Government of Gandaki Province
### Ministry Of Social Development Youth And Sport
### Province Sports Council
### Gandaki province Pokhara

**Invitation for Bids**

Date of Publication: 2081.12.20 BS

1. The Ministry Of Social Development Youth And Sport, Province Sports Council, Gandaki invites electronic bids from Nepalese eligible bidders for the various works.

| S. N. | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks (Estimated Amount) (Excl. VAT), Single Stage 1E |
|---|---|---|---|---|---|
| 1. | PSCG/KASKI/NCB/ WORKS/081/82/01 | Construction Of Administrative Block at Lamjung | 120,000.00 | 3,000.00 | 4590819.79 |
| 2. | PSCG/KASKI/NCB/ WORKS/081/82/02 | Construction Of Administrative Block at Nawalpur | 120,000.00 | 3,000.00 | 4589872.36 |

2. Revenue Head 14229, Office code 3500339034, Deposit Ac for bid security- pradesh lekha Ni.Ka Gandaki -3020100202030000(Rastriya Banija Bank)
3. Pre bid meeting date: 2082.01.09 at 13:00 Hrs.
4. Bid Submission date: 2082.01.19 till 12:00 Hrs, Bid Opening Date: 2082.01.19 at 13:00 Hrs.
5. For all other details, please refer to the complete set of bidding documents at Province Sports Council, Gandaki mobile no.: 9856088450 and email address: pscgandaki2021@gmail.com or through website www.bolpatra.gov.np/egp.

## दक्षिणकाली नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/१२/२०

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८१/११/०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल (www.bolpatra.gov.np) मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरुको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८१/१२/१९ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

तपसिल:

| क्र. सं. | ठेक्का नं. | विवरण | सारभूत प्रभावग्राही फर्मको नाम | कबोल अंक (मू.अ.क. Contingency & PS बाहेक रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DM/NCB/ WORKS/ 2081-82/06 | Construction of Physical Infrastructure at Dakshinkali Temple Premises | N.G.S Pokhari Niraman Sewa Pvt. Ltd. Kathmandu-10, Tokha | रु. ४९,२८,५९२.००।- | |

-दक्षिणकाली नगरपालिका